# सम्मरीमाई गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री विनोद कुमार श्रीवास्तव ज्यूले सम्मरीमाई गाउँपालिको गाउँ सभालाई गर्नु भएको सम्बोधन एवं प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

## सम्मरीमाई गाउँपालिका

फरेना, रुपन्देही

लुम्विनी प्रदेश, नेपाल

२०८२ असार १०

उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु,
विषयगत शाखाका प्रमुख ज्यूहरु,
गाउँपालिका तथा वडा कार्यालयका कर्मचारी साथीहरु,

**"कृषि, शिक्षा, स्वास्थ्य, व्यवसाय, रोजगार र पुर्वाधार, समृद्ध सम्मरीमाई विकासको आधार"** भन्ने पहिलो गाउँसभाको दीर्घकालिन सोचलाई सार्थक पार्ने प्रयत्नका साथ कार्यान्वयन गर्ने क्रममा सम्मरीमाई गाउँपालिका स्थापना पछि गाउँसभाको १७ औं अधिवेशनमा अध्यक्षको हैसियतले आ.व. २०८२/०८३ मा गाउँपालिकाको विकास नीति तथा कार्यक्रम आजको यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

धार्मिक, भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवम् पर्यटकीय तथा कृषि क्षेत्रको महत्वका दृष्टिकोणले अत्यन्तै प्रबल सम्भावना भएको गाउँपालिका भएता पनि द्रुत विकास हुन सकेको छैन। विकासको क्रममा पछाडि परेका वर्ग तथा समुदायलाई मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरि आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी सृजना गर्ने, कृषि क्षेत्रको व्यवसायिक र आधुनिकिकरण गर्ने सुशासन प्रवर्द्धन गरि सेवा प्रवाहमा प्रभावकारिता कायम गर्ने, पर्यटन तथा कृषि क्षेत्रको विकासबाट प्राप्त लाभ लिई सबै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण सम्बर्धन र विकास गर्ने वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवम् आन्तरिक आयको दायरालाई फराकिलो बनाउदै संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधान, २०७२ को अनुसूची-८ मा उल्लेख भए बमोजिमका अधिकारहरुमा संघीय र प्रदेश कानूनसँग नबाँझिने गरि कानूनको निर्माण तथा कार्यान्वयन गरि आत्मनिर्भर हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु रहेका छन् ।

स्थानीय तहको विकासको माध्यमद्वारा अपेक्षित उद्देश्यहरु हासिल गर्न निर्वाचित जनप्रतिनिधिहरुको कुशल नेतृत्व अतिनै आवश्यक भए बमोजिम नेपालको संविधान, २०७२ ले स्थानीय सरकारको परिकल्पना गरे अनुसार दोस्रो कार्यकालको लागि २०७९ बैशाख ३० मा स्थानीय निर्वाचन सम्पन्न भई यस गाउँपालिकाको नेतृत्व मैले सम्हाले पछि पनि गाउँपालिकाको विकास तथा स्थानीय तहको सञ्चालनमा राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजी क्षेत्र, गैर सरकारी संस्था तथा आम जनसमुदायबाट रचनात्मक एवम् सिर्जनात्मक सहयोगको निरन्तर अपेक्षा गर्दछु। साथै हामी निर्वाचित सबै सदस्यहरु फुटेर हैन जुटेर बहुमतिय हैन सहमतिय अभ्यासबाट एक भई अगाडि बढ्नेछौँ भन्ने प्रण गर्दछु ।

विगतका वर्षहरुको योजना कार्यान्वयनबाट आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा केही उपलब्धीहरु हासिल भएका छन्। कृषि तथा उद्योगको पर्याप्त सम्भावना रहेको, गौतम बुद्धको जन्मस्थल लुम्बिनी आउने पर्यटक भित्राउन सक्ने उत्तिकै सम्भावना रहेको धार्मिक, संस्कृतिक, पुरातात्विक सम्पदा प्रचुर मात्रामा हुँदा आध्यात्मिक क्षेत्रको स्वतस्फुर्त रुपमा विकास हुदैं गएको विभिन्न जात जातिहरुको संस्कृतिक सम्पदाको बजारिकरण सम्भावना भएको साथै सम्मरीमाई गाउँपालिका क्षेत्रमा साना ठूला उद्योगको विकास गरी लाभ लिन सक्ने आवस्था रहेको छ ।

समावेशी, समानुपातिक विकासमा सरलता, निष्पक्षता र पारदर्शिता कायम राखी छिटो छरितो सेवा हरेक नागरिकले महशुस गर्ने गरि प्रत्याभूत गराउनु गाउँपालिकाको जिम्मेवारी हो। यसका लागि स्थानीय तहमा क्रियासिल सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवी कर्मचारी तथा सम्पूर्ण सरोकारवालाहरुको साथ र सहयोग प्राप्त भईरहनेछ भन्ने विश्वास लिएको छु ।

**आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रम तर्जुमा गर्दा निम्न विषयलाई मार्गदर्शनको रुपमा लिईएको छ।**

- नेपालको संविधान, २०७२
- आर्थिक कार्यप्रणाली
- स्थानीय सरकार संचालन ऐन, २०७४
- संघ र प्रदेश सरकारको आवधिक योजनाहरु
- दीगो विकासका लक्ष्यहरु
- संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु
- संघीय र प्रदेश सरकारको आ.व. २०८२।०८३ को नीति तथा बजेट वक्तव्य
- स्थानीय तहको योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७८
- स्वामूल्यांकनका सूचकहरु
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु
- वडा भेलाबाट प्राप्त योजनाहरु
- स्थलगतरुपमा गरिने योजनाहरुको अनुगमनबाट प्राप्त सिकाई
- विगतका समीक्षा तथा कार्यानुभवबाट प्राप्त पृष्ठपोषण
- राजनीतिक दल, बिषयगत शाखाहरु, निजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु
- बिषयगत समितिहरुको सुझावहरु
- सभाका सदस्यहरुका राय सुझावहरु
- सम्मरीमाई गाउँपालिकाको एकिकृत विकास योजनाको प्रतिवेदन
- सम्मरीमाई गाउँपालिकाको विभिन्न कानूनहरु
- समय समयमा ब्यक्त गरिएका प्रतिबद्धताहरु

**आ.व. २०८२/०८३ को दीर्घकालीन सोच उद्देश्य नीति तथा कार्यक्रमको बारेमा संक्षिप्त उल्लेख गर्न चाहन्छु।**

**गाउँपालिकाको दीर्घकालीन सोचः**

विकासका सवै भौतिक पूर्वधार एवम मानवीय क्षमता विकास गरी समृद्ध आधुनिक र सुन्दर गाउँपालिका बनाउदै सुशासन, गरिवी निवारण एवम रोजगारीको सुनिश्चिततामा योगदान पुऱ्याउने।

**उद्देश्यः-**

गाउँपालिकामा रहेको विद्यमान बेरोजगार, बहुआयामिक गरिवी र असमानता घटाई सामाजिक आर्थिक रुपमा रुपान्तरण गर्ने ।

**आर्थिक वर्ष २०८२।०८३ का प्राथमिकताका क्षेत्रः**

- बहुवर्षीय, क्रमागत, निर्माणधिन र सेवा प्रवाहको लागि आवश्यक पूर्वाधारका योजनाहरु मार्फत पूर्वाधार निर्माण गरी सन्तुलित र गुणस्तरिय विकासमा जोड दिईनेछ ।
- गाउँपालिकामा सुशासन कायम गर्दै सर्वाङ्गिण क्षेत्रको संस्थागत विकासमा जोड दिईनेछ ।
- शिक्षा र स्वास्थ्यमा नागरिकको सरल, सहज पहुँच र गुणस्तरीय सेवा अभिवृद्धि गर्दै समावेशी विकासमा जोड,
- दिगो विकास, वातावरण मैत्री कार्यक्रम तथा वातावरण संरक्षण एवं विपद व्यवस्थापनमा जोड दिईनेछ ।
- कृषि, पशु, वन, वातावरण र पर्यटन प्रवर्द्धन र विकासमा जोड,
- मानवीय विकास, तथा स्थानीय सरसफाईमा जोड,
- लैगिक समानता र सामाजिक समावेशीकरणमा जोड,
- समृद्ध र स्रोत सम्पन्न पालिकाको रुपमा सम्मरीमाई गाउँपालिकालाई विकास गर्ने,
- स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सृजनामा योगदान दिने किसिमको कर नीति अवलम्वन गर्ने,
- गा.पा भित्र रहेका ऐलानी, प्रति, सरकारी, सार्वजनिक जग्गाको लगत संकलन, नक्साङ्कन, सिमाङ्कन गरी संरक्षण गर्ने ।

## आ.व. २०८२/०८३ को लागि सम्मरीमाई गाउँपालिकाको नीति तथा कार्यक्रम

### आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

**कृषिः**

१. सम्मरीमाई गाउँपालिकालाई कृषिमा आधुनिकीकरण, व्यवसायीकरण गर्दै कृषि उत्पादनमा आत्मनिर्भर पालिका बनाउन जनअपेक्षा अनुसार जनताका साझा समस्याहरु समाधान गर्ने प्रकृतिका कृषि क्षेत्रका जनतालाई राहत प्रदान गर्ने तथा पालिकाप्रति विश्वासको वातावरण सिर्जना गर्ने किसिमका आवश्यक रणनीति निर्माण गरिनेछ।

२. कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मुल्य र बजारमा पहुँचको उचित व्यवस्था गरिनेछ।

३. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

४. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थन मुल्य निर्धारण गरिनेछ।

५. कृषकहरुलाई च्याउखेती, माछा पालन, मौरी पालन, फलफूल खेती, मेवा खेती, प्याज खेती, लसुन खेती सम्बन्धी जानकारी गराउन समुह बनाई टोलस्तरमा तालिम संचालन गरिनेछ।

६. गाउँपालिका क्षेत्र भित्र प्राङ्गारिक खेती प्रणालीलाई प्रवर्दन गर्न रासायनिक मल र विषादी प्रयोग नगरी प्रांगारिक मल र जैविक विषादी प्रयोग गरी खेती गर्न तरकारी कृषक समूहहरुलाई प्रोत्साहित गर्दै त्यस्तो खेती गर्ने कृषक समूहहरुलाई प्रागरिक मल खरिदमा आवश्यक सहजीकरण गरि मापदण्ड बनाई अनुदानको व्यवस्था मिलाईनेछ।

७. आधूनिक कृषिका लागि मेसिनरी तथा सिचाई यन्त्र उपकरण अनुदानमा वितरण गरिनेछ।

८. कृषि सहकारी, कृषक समुह, उद्यमी कृषक तथा फर्म दर्ता गरेका कृषकहरुलाई अनुदानमा तथा अन्य सेवा सुविधामा विशेष प्राथामिकता दिईनेछ।

९. चालु आ.व. मा गहुँ, मकै, तरकारी बिउ, फलफुलका विरुवा, घाँसका बिउ, साना सिँचाई,, फूलखेती, व्यवसायिक तरकारी खेती, वाली विमा, पशु विमामा दिएको अनुदानलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईने छ।

१०. माटो परीक्षणका लागि घुम्ति शिविर संचालन गरी माटोको स्वास्थ्य सुधारको लागि सुक्ष्म तत्व तथा हरियो मल (ढैचाको बिउ) अनुदानमा वितरण गरिनेछ।

११. गाउँपालिका भित्र उत्पादन हुने हरियो तरकारी, ताजा फलफुल तथा अन्नहरुको सुरक्षित भण्डारण गर्न सम्मरीमाई गाउँपालिका, प्रदेश सरकार, संघिय सरकार एवम् दातृनिकायको सहयोग र सहकार्यमा वडा नं. ४ सिद्धनाथमा शीत भण्डारण गृह निर्माण कार्यलाई तदारुकताका साथ अगाडी बढाईने छ।

१२. गाउँपालिकाद्वारा किसानहरुलाई उपलब्ध गराइने विभिन्न प्रकारका कृषि अनुदान, मल, सिँचाई लगाएत लाई व्यवस्थित गराउन मापदण्ड निर्माण गरि किसान कार्ड लागु गरिने छ।

१३. विगतमा घोषणा गरिएका कृषि पकेट क्षेत्र कार्यक्रमहरुलाई थप व्यवस्थित वनाउँदै लगिनेछ।

१४. दुग्ध उत्पादक किसानहरुलाई उत्पादन वृद्धि गर्न विशेष योजना निर्माण गरि कार्यान्वयमा ल्याइनेछ। साथै, हाल गाउँपालिकामार्फत किसानहरुलाई विउ विजन, विभिन्न औजार तथा उपकरणमा दिइदै आएको अनुदानलाई उत्पादनमा आधारित बनाइने छ।

१५. कृषि उद्यम गर्न चाहने युवाहरुलाई प्रोत्साहित गर्न युवाहरुले दर्ता गर्ने कृषि फार्मको व्यवसाय दर्तामा शत प्रतिसत छुट दिने नीति अवलम्बन गर्दै आवश्यक सहयोगका लागि प्राथमिकता दिईनेछ।

१६. विउ उत्पादन, भण्डारण र वितरण स्थानीय कृषि तथा वहुउद्देशीय सहकारीहरु मार्फत गर्ने व्यवस्था मिलाइने छ।

१७. व्यवसायिक कृषि फर्म स्थापना गरेका व्यक्ति तथा व्यवसायीहरुलाई उन्नत प्रविधि अपनाउन प्रोत्साहन गर्न प्रविधि तथा औजारमा सहयोग उपलब्ध गराइने छ।

१८. विरुवाको आपुर्तीका लागि गाउँपालिकाभित्र डिभिजन वन कार्यालय रुपन्देहीसँग साझेदारी गरि "एक पालिका एक नर्सरी" मार्फत निःशुल्क वितरणको व्यवस्था गरिनेछ।

१९. सार्वजनिक जग्गा, सामुदायिक वन क्षेत्रमा खानेपानी संस्थाहरु तथा स्थानीय नागरिकहरुसंग समन्वय तथा सहकार्य गरी पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ जलिय पुनरभरण (Water Recharge) पोखरी स्थापना गर्न आवश्यक पहल गरिने छ।

२०. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइने गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

**पशु सेवाः**

१. कृषकहरुको गाई र भैसीमा खोरेत, भ्यागुते र चरचरे, बाख्रामा पि.पि.आर., कुखुरामा रानीखेत र गम्बारोको लागि आवश्यक निःशुल्क खोप कार्यक्रम संचालन गरिनेछ।

२. पशुपालकहरुलाई घाँसको बिउ, भिटामिन तथा क्याल्सियम अनुदानमा वितरण गरिनेछ।

३. पशुहरुको नश्ल सुधार गर्नका लागि कृतिम गर्भाधान कार्यक्रम लाई निरन्तरता दिई प्रभावकारी रुपमा संचालन गरिनेछ

४. कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाई पशुपालनमा आधारित जनताको जीवनस्तर सुधार गरिनेछ।

५. बैज्ञानिक कृषि उत्पादन र आधुनिक प्रबिधि युक्त गाई, भैसी, बाख्रा, कुखुरा र मत्स्य पालनमा बिशेष जोड दिइनेछ।

६. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

७. गाई, भैसी र कुखुरा चोरी निकासी पैठारी निरुत्साहित बनाउन कार्यपालिका स्तरीय अनुगमन टोली बनाउने र साथै खुल्ला मासु बिक्री बितरण पारिपाटीको अन्त्य गरी स्वास्थ्य मासु बिक्रि बितरणको व्यवस्था मिलाइनेछ।

८. गाउँपालिका स्तरीय चौपाया पशु हाट बाजारको निर्माण गर्ने नीति लिइनेछ।

९. गाउँपालिकाको क्षेत्रभित्र छाडा पशुहरुको व्यवस्थापनको लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक व्यवस्थापन गरिनेछ।

१०. सामूहिक घाँस खेती प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

११. गाउँपालिका भित्र रहेको ऐलानी जग्गा, पर्ति, ८ नं. आदिलाई व्यवस्थित गरी पशु चरन क्षेत्र बनाइनेछ।

१२. बाख्राको श्रोत केन्द्रको स्थापनाको लागि संघिय सरकार र प्रदेश सरकारसंगको समन्वयमा कम्तीमा १ वटा श्रोत केन्द्र स्थापना गरी बाख्रा पालन व्यवसायलाई प्रर्वधन गरिनेछ।

१३. नेपाल सरकारबाट संचालित पशु बिमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१४. पशुपालनमा प्रयोग हुने आधुनिक यन्त्र जस्तै च्याफकटर, मिल्कीङ्ग मेशिन, एरिगेटर, चिलिङ्ग भ्याट आदि अनुदानमा बितरण गरिनेछ।

१५. अतिबिपन्न घरपरिवार महिलाहरुको जिवन उकास्न लोकल कुखुरा पालनमा बिशेष जोड दिइनेछ।

१६. बेरोजगार महिलाहरुलाई बिशेष गरी बाख्रा पालन सम्बन्धि तालिम दिई बाख्रापालन व्यवसायमा संलग्न गरी आत्म निर्भर बनाउन प्रोत्साहन गरिनेछ।

१७. पशुपालन व्यवसायमा देखिने बाँझोपन समस्यालाई समाधान गर्न बाँझोपन निवारण शिविर संचालन गरिनेछ।

१८. गाई भैसीहरुलाई खोप लगाउने क्रममा केही कारणवश पशुको मृत्यु भएमा वा भ्याीक्सनेटरको दुर्घटना भएमा क्षतिपुर्ति वापत केही रकम उपलब्ध गर्ने वा बिमा गरिनेछ।

१९. सम्मरीमाई गाउँपालिकामा अधिकतम गाई भैसी पालन मुख्य पेशा भएकोले ब्याउने गाई भैसी वा तत्काल ब्याएको गाई भैसीलाई क्याल्सीयमको आवश्यकता पूर्तिको लागि क्याल्सीयम बितरण र बाँझोपन गाई भैसी आदिलाई मिनरल तथा अन्य औषधी बितरण गरिनेछ।

२०. आन्तरिक परजीबि नियन्त्रण कार्यक्रम संचालनको लागि गाई भैसी बाख्राहरुलाई जुकाको औषधी र लिभर टाँनिक बितरण गरिनेछ।

२१. गोठ तथा भकारो सुधारमा अनुदान दिने नीति लिइनेछ।

२२. दैनिक रुपमा पशु सम्बन्धि औषधी बितरण तथा सेवा सञ्चालन पशु सेवा इकाई मार्फत गरिनेछ।

२३. छाडा कुकुरहरुको नियन्त्रणका लागि स्थायी बन्ध्याकरण तथा रेबिज भ्याक्सीनेसन कार्यक्रमको व्यवस्था मिलाईनेछ।

**सहकारीः**

१. वर्तमान समयमा सहकारी क्षेत्रमा देखिएको समस्या निराकरणका लागी सहकारी ऐन तथा नियमावलीमा आवश्यक संसोधन गरी सम्मरीमाई गाउँपालिकाभित्र रहेका सबै सहकारीहरुको नियामकीय भूमिकालाई सशक्त बनाईनेछ।

२. सहकारी संस्थाको गुणात्मक विकासका लागि जनसंख्याको अनुपातमा वित्तीय सहकारी संस्थाको संख्या कायम गरिनेछ। यसका लागी मौजुदा सहकारी संख्यालाई पचास प्रतिशतले कटौति गर्ने नीति अनुरुप सहकारी एकीकरण तथा प्राप्ति (Merger and Acquisition) लाई रणनीतिक ढंगबाट संचालन गरिनेछ। संस्थाको कार्यक्षेत्र भित्रको कुल जनसंख्याको १ प्रतिशत जनसंख्या समावेश नभएका सहकारी संस्थालाई एकीकरण सम्भाव्य सहकारीको रुपमा पहिचान गरी २०८२ असोज मसान्त भित्र सदस्य संख्या पुर्याउन वा एकीकरण प्रकृया थालनी गर्न समय दिइनेछ। उक्त समय भित्र सदस्य संख्या नपुर्याउने सहकारीलाई Force Merger मा लगिनेछ।

३. साधारण सभा हुनु अगावै प्रकृया थालनी गर्ने सहकारीलाई प्रकृयागत सहजीकरण गर्नुको साथै सोही आर्थिक वर्ष भित्र एकीकरण भई एकीकृत कारोवार संचालन गरेमा एकीकरण भएका सहकारी संस्थाहरुको व्यवसाय करमा शतप्रतिशत छुट दिईनेछ।

४. गाउँपालिका भित्र संचालित सहकारी संस्थाहरुको अनुगमन तथा मुल्यांकन गरी नियमानुसार संचालन नभएमा र निष्कृय सहकारी संस्थाहरुलाई नियानुसार खारेज गरी व्यवस्थित गरी अघि बढाइनेछ।

५. एक व्यक्ति एक विषयगत सहकारी नीतिलाई बढावा दिई एक स्थानीय तहमा संचालनमा रहेका समान प्रकृतिका विषयगत सहकारी संस्थामा दोहरो सदस्यता न्यूनीकरण अभियान संचालन गरिनेछ।

६. गाउँपालिका क्षेत्रमा सहकारीद्वारा प्रवर्द्धित उपभोक्ता पसल/हाटबजारको विकास गर्न प्रोत्साहन गरिनेछ। पर्यटन तथा वातावरण सरसफाईका लागी श्रम सहकारीको स्थापना, लागत सहभागिता र प्रवर्द्धन गरिनेछ।

७. हरित उद्यम विकासको लागि गाउँपालिका भित्रका बाँझो तथा सार्वजनिक जग्गालाई लिजमा दिई सहकारी मार्फत नर्सरी प्रवर्द्धन, फलफुल, बहुवर्षीय नगदेवाली, तरकारी खेती तथा कृषि उपजमा आधारित उद्योग आदिलाई प्रवर्द्धन गरिनेछ।

८. सहकारीताको माध्यमबाट वातावरण संरक्षण, सरसफाई तथा पर्यटन जस्ता क्षेत्रमा सहकारी स्थापना तथा संचालनमा वित्तीय साझेदारी गरिनेछ। सहकारी प्रवर्द्धन तथा संस्थागत सुदृढीकरण कार्यक्रम मार्फत नमुना सहकारी संस्था विकास कार्यलाई जोड दिईनेछ।

९. सहकारी संस्थाहरुको नियमित अनुगमन तथा सघन अनुगमन, सहकारीहरुको जोखिम मूल्याङ्कनका साथै पदाधिकारी तथा कर्मचारीहरुलाई आवश्यक तालिम उपलब्ध गराईनेछ।

१०. संघीय सरकार, प्रदेश सरकार, अन्य निकाय, सहकारी अभियान तथा प्रारम्भिक सहकारी संस्थाहरु संगको सहकार्यमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

११. उत्पादनमूलक सहकारी संस्थाहरुको स्थापना गरि बिउ पुँजी लगानीको रुपमा सहयोग उपलब्ध गराईने र वार्षिक उत्पादनमा अनुदान दिइनेछ।

१२. गाउँपालिका भित्र स्थापना हुने सहकारी संस्थाहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता बिषयहरुलाई संघ वा प्रदेशको ऐन वा कार्यविधि बमोजिम अघि बढाइनेछ।

१३. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पुँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

१४. कृषि लगायत विषयगत सहकारीहरुलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कठोर रुपमा कार्यान्वयन गरिनेछ।

१५. गाउँपालिकामा संचालित विषयगत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरी संस्थागत गर्दै ऋण तथा बचतका लागि गाउँपालिका वाहिर जानुपर्ने स्थितिको अन्त्य गरिनेछ।

**वित्तीय क्षेत्रहरु (राजस्व परिचालन)**

१. कर प्रणालीमा सुधार गर्दै प्रगतिशील कर प्रणालीको सिद्धान्तमा रही राजश्वका नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।

२. गाउँपालिका भित्र सञ्चालित ई रिक्सा तथा तिनपाग्रे सवारी साधनलाई नियमन र व्यवस्थापन गर्न आवश्यक नीति अबलम्बन गरिनेछ।

३. कर तथा तथ्याङ्क संकलनका लागि वडास्तरीय घुम्ति शिविर संचालन गरिनेछ।

४. राजश्व प्रशासनलाई चुस्त बनाउन SuTRA प्रणाली मार्फत कर तिर्ने प्रणालीको विकास गरी राजश्व संकलनलाई क्रमशः Faceless र Cashless बनाउदै लगिनेछ। विद्युतीय भुक्तानी (E-Payment) प्रणालीको अवलम्बन गरी घरबाटै भुक्तानी गर्न सकिने व्यवस्था मिलाईनेछ।

५. गाउँपालिकाको आन्तरिक राजश्व परिचालन क्षमता अभिवृद्धि गर्न, राजश्व अधिकारका सम्भावनाहरु खोजी गर्न, सम्भाव्य क्षेत्रको राजश्व परिचालन गर्न आवश्यक नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउनुको साथै आन्तरिक आयको वैज्ञानिक प्रक्षेपणका लागि आवधिक राजश्व सुधार कार्ययोजना तर्जुमा गरिनेछ।

६. पालिकाभित्र पर्ने नदीजन्य उत्खनन तथा निकासीको लागि आवश्यक पर्ने पर्यावरणिय अध्ययन अवलोकन गरी प्रतिबेदनको आधारमा वालुवा निकासी मार्फत आन्तरिक राजस्व बृद्धि गर्न पहल गरिनेछ

७. करदाता शिक्षा मार्फत गाउँपालिका बासीलाई कर तिर्न अभिप्रेरित हुने वातावरण तयार गरिनेछ।

८. स्थानीय व्यवसाय तथा उद्योग दर्ता/नवीकरण कार्यलाई सहज र सरल बनाउन आवश्यक कानून तथा मापदण्ड तर्जुमा भएकोमा कार्यान्वयनलाई जोड दिईनेछ।

९. आ.व. समाप्त भएको मितिले ३ महिना भित्र अनिवार्य नविकरण गराउनुपर्ने र नगराएमा जरिवानासहित नविकारण नीति अवलम्बन गरिनेछ।

१०. महिला तथा अपांगहरुले मात्र संचालन गरेका लघु उद्यम लाई प्रोत्साहन गर्न गाउँपालिकाद्वारा व्यवसाय करमा लिइने दरमा ५० प्रतिशत छुट दिइनेछ ।

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

**शिक्षाः**

१. शिक्षामा गुणस्तर कायम गर्न आगामी दिनमा शिक्षामा सहज पहुँच नीतिलाई अबलम्बन गरी गाउँपालिका शिक्षा रणनीतिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२. सामुदायिक विद्यालय तथा धार्मिक विद्यालयमा बालबालिकाहरुलाई पठन पाठन गर्नमा सहजता ल्याउन तथा शिक्षाको गुणस्तर सुधार गर्नका लागि विद्यालयको माग र आवश्यकताका आधारमा पूर्वाधार निर्माण गर्ने अभियान सञ्चालन गरिनेछ ।

३. वाल विकास कक्षा देखि नै सामुदायीक विद्यालयको गुणस्तर अभिवृद्धि गर्दै क्रमशः आधारभूत तथा माध्यामिक विद्यालयको नतिजा सुधार गर्न कक्षाकोठाको स्तरोन्नती गरि प्रविधिमैत्री वनाइने छ ।

४. सञ्चालन खर्च न्यून भएका सामुदायिक विद्यालयको लागि बिजुली/खानेपानीको बिल तिर्न नसक्ने विद्यालयहरुका लागि बिजुली खानेपानीको बिल तिर्ने सम्बन्धमा आवश्यक अपुग रकमको औचित्यको आधारमा व्यवस्थापनको नीति अबलम्वन गरिनेछ ।

५. विद्यालय तहमा अध्ययनरत विद्यार्थी (खेलाडी) हरुलाई खेल कौशल प्रर्दशन गर्न अवसर प्रदान गर्नका लागि आयोजना हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियेगिता अनुशासित, मर्यादित र व्यवस्थित बनाउन खेलप्रति थप हौसला एवं उत्साह बढाउन राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई यो आ.व.बाट सञ्चालन गरिनेछ ।

६. बिद्यालयलाई अनुशासित र मर्यादित बनाउदै शैक्षिक गुणस्तर तथा शैक्षिक तालिकामा एकरुपमा ल्याउन शैक्षिक सूचना, तथ्याङ्क तथा बुलेटिन प्रकाशन, शैक्षिक क्यालेन्डर निर्माण गरी अभिलेख व्यवस्थापनलाई चुस्त दुरुस्त राखे कार्यलाई निरन्तरता दिइनेछ ।

७. पालिकास्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८ को परीक्षा) मर्यादित र व्यवस्थित रुपमा सञ्चालन व्यवस्थापनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

८. नियमित प्र.अ. बैठक (सामुदायिक, धार्मिक र संस्थागत) लाई निरन्तरता दिई विद्यालय अनुगमन निरीक्षणबाट प्राप्त विषयवस्तुलाई पृष्ठपोषण तथा सञ्चारको व्यवस्था मिलाइ शैक्षिक गुणस्तरको कार्यलाई अभिबृद्धि गरिनेछ ।

९. शिक्षकको क्षमता अभिवृद्धि गरी शैक्षिक तथा प्रशासनिक र लेखा प्रणालीको गुणस्तर कायम गरी विद्यालयको पारदर्शिता, उत्तरदायित्व तथा जवाफदेहीता बहन हुन सक्ने बनाउनका लागि IEMIS तालिम (सामुदायिक, धार्मिक र संस्थागत विद्यालयहरु), प्रारम्भिक कक्षा (१-३) पढाउने शिक्षक, विषय शिक्षक तालिम (गणित, विज्ञान, भाषा, स्थानीय विषय), सबै सामुदायीक विद्यालयका प्र.अ. र लेखापालका लागि पुनर्ताजगी तालिमको व्यवस्था मिलाइनेछ।

१०. आधारभूत तह (कक्षा १ देखि ८) को स्थानीय पाठ्यक्रमको लागि पाठ्यपुस्तक निर्माण गर्न लेखन तथा छपाईको व्यवस्था मिलाइनेछ ।

११. सिकाईलाई व्यवहारिक बनाउन सबै सामुदायिक विद्यालयमा अतिरिक्त सिकाई कक्षा व्यवस्थापन र अतिरिक्त क्रियाकलापको लागि सामग्रीको व्यवस्थापन, विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन अन्तर्गतका कार्यक्रमलाई थप प्रभावकारी बनाईनछ ।

१२. विद्यालयगत स्मार्ट कक्षाकोठा निर्माण, विद्यालयहरुको भौतिक पूर्वाधारमा सुधार, शैक्षिक गुणस्तरमा सुधारका कार्यक्रम, शिक्षा समाचार सेवा, खुला तथा अनौपचारिक शिक्षा शिक्षण सिकाइ सहयोगको लागि आवश्यक व्यवस्था गरिनेछ।

१३. प्रजातन्त्र दिवस, शिक्षा दिवस र बाल दिवसको अवसरमा शिक्षण सिकाइमा शिक्षक तथा विद्यार्थीमा उच्च मनोबल राख्न उत्कृष्ट विद्यार्थी, शिक्षक, अभिभावक र विद्यालय सम्मान कार्यक्रम गरिनेछ।

१४. विद्यार्थीमा उच्च शिक्षाप्रति प्रोत्साहन गर्न लुम्बिनी विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्थाको मिलाईनेछ।

१५. सम्पूर्ण शिक्षक तथा कर्मचारी मार्फत सबै विद्यार्थीहरुलाई योग र ध्यानको माध्यमबाट स्वजागरण अभियान सञ्चालन गरिनेछ।

१६. कृषक आदर्श मा वि मा सन्चालनमा रहेको पुस्तकालयलाई व्यवस्थित गरी स्तरउन्नती गर्ने निति अबलम्बन गरिनेछ। साथै पालिकावासीको अध्ययन तथा अनुसन्धानको संस्कार विकास गर्न सामुदायिक पुस्तकालय (community learning centre) को स्थापना गर्ने व्यवस्था मिलाइने छ। साथै आवश्यकताको आधारमा पालिकाभित्रको अन्य विद्यालयमा समेत पुस्तकालयको व्यवस्थापन गरिनेछ।

१७. सामुदायिक तथा संस्थागत विद्यालयहरुले कानुन बमोजिम प्रदान गर्नुपर्ने छात्रवृत्तीलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी वनाउँदै छात्रवृत्ती वितरणमा एकरुपता कायम गर्न तथा कानुन बमोजिमको मापदण्ड पालना गरे नगरेको अनुगमन गरि कार्यान्वयनमा सुधार गरिनेछ।

१८. सम्मरीमाई गाउँपालिकाको शैक्षिक रुपान्तरणको लागि नेपाल सरकारले तोके अनुरुप कार्यविधि अनुसार विद्यार्थी शिक्षक अनुपातको आधारमा प्रधानाध्यापक तथा शिक्षकहरुलाई पालिका अन्तरगतका विद्यालयहरुमा व्यवस्थापन गरिनेछ। बिद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गरी अपुग भएको शिक्षक परिपुर्तिका लागी गाउँपालिकाको कार्यबिधि २०७६ अनुसार आवश्यक बजेट बिनियोजन गरी पदपुर्ति गरिने छ।

१९. विद्यालयका शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न प्रकारका तालिमहरुको व्यवस्था गर्दै उत्कृष्ट कार्य गर्ने शिक्षक तथा विद्यार्थीहरुलाई मापदण्ड बनाई सम्मान तथा पुरस्कार कार्यक्रम लागु गरिनेछ।

२०. स्थानीय उत्पादनको प्रवर्दन तथा विद्यार्थीहरुको पोषण सुरक्षाका लागि दिवा खाजामा स्थानीय उत्पादनलाई विशेष प्राथमिकता दिइनेछ।

२१. शिक्षामा सबैको पहुँच सुनिश्चितताका लागी अनिवार्य तथा नि: शुल्क शिक्षा प्रदानको प्रत्याभूति गराइ समता र समानताका लागी समावेशी शिक्षाको वातावरण सृजना गरिने छ।

२२. शिक्षालाई जीवनोपयोगी बनाई योग्य, सक्षम .स्वावलम्बी नागरिक बनाउन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरिने छ।

२३. एक गाउँपालिका एक  प्राबिधिक विद्यालयको स्थापनाका लागी आवश्यक रणनीति तयार गरी प्रोत्साहन गरिने छ।

२४. गाउँपालिका भित्रका बिज्ञान कृषि तथा प्राबिधिक बिषयमा उच्च शिक्षा अध्ययनको लागी गरीब जेहेन्दार तथा बिपन्न बर्गका बालबालिकाहरुलाई तोकिएको --आधारमा बिद्यालय वडा कार्यालय समेतको सिफारिसमा छात्रबृति प्रदान गरी उच्च शिक्षा अध्ययनको लागी प्रोत्साहन गरिने छ।

२५. बिपद तथा अन्य जोखिमको समयमा शैक्षिक क्षति न्युनिकरणका लागी बिद्यार्थीको शिक्षण सिकाईलाई निरन्तरता दिनका लागी आवश्यक नीति तथा कार्यक्रम बनाई समयमा नै बजेटको बिनियोजन गरिने छ।

२६. बिद्यमान शैक्षिक प्रणाली अभिभावकको चाहना तथा समय सापेक्ष शिक्षण सिकाईको माध्यम नेपाली र अग्रेजी भाषामा प्रचलित रहेको हुदाँ कम्तिमा हरेक बर्ष दुई वटा बिद्यालयहरुलाई अंग्रेजी माध्यमबाट संचालनका लागी ब्यवस्था मिलाईनेछ।

२७. गाउँपालिका स्वयसेवक शिक्षक, लेखा र कार्यालय सहायक कर्मचारीलाई प्रचलित कानून वमोजिम थप सुविधा प्रदान गरि थप प्रोत्साहन प्रदान गरिनेछ।

**सहित्य, कला, संस्कृति र पर्यटनः**

१. गाउँपालिका क्षेत्रभित्र रहेका स्थानीय मौलिक भाषा, सीप, कला तथा संस्कृति, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदाहरुको संरक्षण एंव सम्बर्दन गर्दै समुदायका ज्ञान, सीप तथा अनुभवहरुको दस्तावेजीकरण गरिनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइने छ।

३. लोपोन्मुख भाषा कला संस्कृति र साहित्यको संरक्षण संम्बर्धन तथा विकासका लागी मागमा आधारित कार्यक्रम बनाई आवश्यक बजेट बिनियोजन गरी कार्यान्वयनमा जोड दिइनेछ।

४. गाउँपालिका भित्रको सार्वजनिक जग्गा ताल पोखरी ऐलानी पर्ति जग्गाको संरक्षण संम्बर्धन र बिकास गरि मनोरञ्जन पार्कको रुपमा बिकास गरिनेछ र सडक नाटक खेलकूद प्रदर्शनी मेला धार्मिक सांस्कृतिक कार्यक्रमका लागी आवश्यक नीति तर्जुमा गरी लागु गरिनेछ।

५. गाउँपालिकामा पर्यटनको प्रवर्द्धन तथा विकासका लागि पर्यटन गुरुयोजना तर्जुमा गरी सोको कार्यान्वयनबाट आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटनको विकास गरिनेछ।

६. पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण, सम्वर्द्धनका लागि पर्यटन क्षेत्र संग सम्बन्धित संघ, संस्था, निकाय आदिको सहभागितामा पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

७. सम्मरीमाई गाउँपालिका क्षेत्र भित्रका विभिन्न ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदा, महत्वपूर्ण पार्क, तालतलैया, मठ मन्दिर, गुम्वा, विहार, मस्जिदहरुलाई संरक्षण तथा सम्बर्दन गर्दै पर्यटकिय स्थलको रुपमा विकास गरि आन्तरिक तथा बाह्य पर्यटनको प्रवर्दन गरिनेछ।

**युवा तथा खेलकुदः**

१. स्थानीय युवाहरुको नेतृत्व विकास, क्षमता विकास एंव सामाजिक रुपान्तरणकालागि स्थानीय युवा क्लवहरु, टोलविकास संस्थाहरुको संस्थागत क्षमता विकास गरि सामाजिक परिचालनमा उपयोग गरिनेछ। साथै, युवाहरुलाई उर्जाशिल बनाउँदै युवाहरुमा खेलप्रतिको भावना विकास गर्न अध्यक्ष कप क्रिकेट प्रतियोगिता संचालन गरिनेछ।

२. पालिका भित्रका सम्मरीमाई ५ चक्कियामा अवस्थित खेलमैदानको स्तरोन्नती गर्दै खेलाडी उत्पादनमा विशेष जोड दिइनेछ साथै पालिकामा उत्कृष्ट खेलाडीको सम्मान गरिनेछ।

३. युवामैत्री स्थानीय शासनका सूचकहरु पुरा गर्दै यस वर्ष युवामैत्री गाउँपालिका घोषणा गरिनेछ। सम्मरीमाई गाउँपालिकाका युवा जनसांख्यीक लाभांशको उपयोग तथा युवाहरुलाई उद्यमशीलतामा जोड दिन युवा उद्यमी संवाद लगायत विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गर्दै प्रतिस्पर्धी युवा निर्माणमा विशेष जोड दिइनेछ।

४. खेलकूदको माध्यमबाट बालबालिका तथा युवा जनशक्तिलाई शसक्तिकरण गरी समूहमा आबद्ध गराई खेलकूद सामग्री बितरणलाई निरन्तरता दिइनेछ।

५. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

६. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिका स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

७. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत गराई स्वरोजगार उन्मुख गराइनेछ।

८. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

९. "एक वडा, एक खुला व्यायामशाला" को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

१०. विपन्न, गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याणः**

१. गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, हिंसापिडित लैङ्गिक तथा यौनिक अल्पसंख्यक र बञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीको आयआर्जन क्षमता विकास र सशक्तीकरण गर्न आर्थिक तथा सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२. लैङ्गिक समानता र महिला सशक्तीकरणका सम्बन्धमा जारी भएको बेइजिङ्ग घोषणापत्रका प्रतिवद्धताहरूका बारेमा पदाधिकारी तथा कर्मचारीहरूलाई जानकारी दिन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३. लैङ्गिक समानता र महिला सशक्तीकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी नीति निर्माण तहमा महिलाको अर्थपूर्ण र सार्थक सहभागीता तथा प्रतिनिधित्वलाई सुनिश्चित गर्दै महिला समूह गठन गरी परिचालन गरिनेछ।

४. .लैङ्गिक उत्तरदायी बजेट तथा योजनालाई स्थानीयकरण गरी लक्षित समुदायको आर्थिक तथा वित्तीय स्रोतमा पहुँच अभिवृद्धि गरिनेछ।

५. महिला, बालबालिका तथा मानव अधिकारको क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तराष्ट्रिय घोषणाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

६. लैङ्गिक हिँसा विरुद्धको १६ दिने अभियानलाई प्रभावकारी रुपमा मनाईनुका साथै महिला तथा किशोरीविरुद्ध हुने सबै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य गर्ने नीति अबलम्बन गरिनेछ।

७. महिला र पुरुषको समबिकासको लागि छुट्टै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति बनाई लागु गरिनेछ। दिगो बिकासका लक्ष्यलाई स्थानीयकरण र आन्तरीकीकरण गरिनेछ।

८. बालबालिकाका अधिकारबारे जनजागृति, सामूहिक सक्रियता, संयन्त्रहरुको स्थापना, सक्षमता विकास र संरक्षित बालबालिकाको अधिकार प्रचलन तर्फका क्रियाकलाप सञ्चालन गरिनेछ।

९. मानव बेचविखन तथा ओसारपसारको जोखिममा रहेका समूह र समुदायको आर्थिक, सामाजिक सशक्तीकरण गरिनेछ। साथै सरोकारवाला निकाय तथा संघसस्थासँगको समन्वयमा निरोधात्मक, संरक्षणात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानव बेचविखन तथा ओसारपसारमा नियन्त्रण गरिनेछ ।

१०. बालमैत्री स्थानीय शासन अवलम्बन तथा बालबिवाह मुक्त, बालश्रम मुक्त, बालमैत्री, पोषणमैत्री, वातावरणमैत्री र युवामैत्री लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, ज्येष्ठ नागिरकमैत्री गाउँपालिका निर्माण गर्ने अभियानमूलक घोषणा कार्यक्रम क्रमशः सञ्चालन गरिनेछ ।

११. महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र २८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजनालाई स्थानीयकरण गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरणः**

१. समाजमा व्याप्त रहेका सामाजिक विभेद, जातीय छुवाछुत, महिला हिंसा लगायत विभिन्न सामाजिक कुसंस्कार लाई हटाउन आवश्यक ऐन कानुनहरु निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ । जातीय छुवाछुत, कुरिती, अन्धविश्वासका घटनाहरुको न्यूनीकरणको लागि टोलविकास संस्थाहरु मार्फत सामाजिक परिचालनका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. मानव मर्यादाको समाज निर्माणका लागि विभेद तथा छुवाछुत विरुद्ध सामाजिक अन्तरघुलन कार्यक्रमहरु संचालन गर्दै समानतायुक्त गाउँपालिका निर्माणका लागि सामाजिक जागरणका अभियानहरु संचालन गरिनेछ । साथै, दलित समुदायको आत्मसम्मान र स्वाभिमानको लागि ज्ञान सीप र उद्यमका विषयमा विभिन्न संस्थाहरुको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

३. दलित समुदायको क्षमता विकास गरि परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरणको लागि अनुदानमा पेशागत सामाग्रीहरु उपलब्ध गराइनेछ ।

४. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

५. अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।

६. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ ।

७. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

८. गाउँपालिका सडक मानव मुक्त बनाइनेछ ।

९. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।

१०. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइने पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

११. गाउँपालिका बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षणबाट प्राप्त नतिजामाथि छलफल गरि प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१२. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि **उपाध्यक्षसँग पोषण कार्यक्रम** संचालन गरिनेछ ।

१३. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१४. हरेक वडामा क्रमशः एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिदै लागिनेछ ।

१५. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१६. न्यायलाई सर्ब सुलभ तथा सबैको पहुँच सुनिश्चितताका लागी कार्य योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१७. स्थानीय तहको लागी नेपालको संविधान स्थानिय सरकार संचालन ऐन २०७४ ले तोकि दिएको बिषयमा न्यायिक समिति र मेलमिलापका माध्यमबाट उत्पन्न समस्या समाधानका लागी छिटो छरितो प्रक्रिया अवलम्बन गरिने छ।

१८. विपन्न वर्ग ज्येष्ठ नागरिक महिलाका सम्बन्धमा आर्थिक अवस्था हेरी निःशुल्क कानूनी उपचारको ब्यवस्थापनका लागि आवश्यक बजेट बिनियोजन गरी सहयोग र सहायता उपलब्ध गराइने छ।

**न्यायिक तथा मेलमिलापः**

१. विवादलाई स्थानीय स्तरबाटै समाधान गरी वडामा शान्ति सुव्यवस्था कायम गर्नका लागि ७ नं. वडामा अवस्थित मेलमिलाप केन्द्रलाई पालिकास्तरीय मेलमिलाप कर्ताको रुपमा व्यवस्थित गरी वडा तहमा मेलमिलाप केन्द्र स्थापना गरी विवाद निरुपण गर्न कम्तिमा ३ वटा वडामा मेलमिलाप केन्द्र स्थापना गरिने नीति अबलम्बन गरिनेछ।

२. गाउँपालिकामा सुचिकृत मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्विको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ठ गरेका काम, कर्तव्य र अधिकार लगायत गाउँपालिकाबाट सम्पादन हुने कामहरु तथा घरनक्सा पाससंग सम्बन्धित कानुनका बिषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

३. स्थानीय तहको न्याय सम्पादनको अनुभव आदानप्रदान गर्न न्यायिक समितिका पदाधिकारीको लागि जिल्ला बाहिर अवलोकन भ्रमण कार्यक्रम तथा छिमेकी स्थानीय तहमा भएका असल अभ्यासहरुको जानकारी लिन र अनुभवहरु आदान-प्रदान गर्नका लागि न्यायिक समितिका पदाधिकारी र मेलमिलाप कर्ताहरुलाई छिमेकी पालिकाहरुमा अध्ययन अवलोकन भ्रमणका माध्यमबाट अनुभव आदान प्रदानको कार्यक्रम गरिनेछ।

४. जग्गा सम्बन्धी उजुरीको निरुपणका लागी भर्ना भएको अमिनको सदुपयोग गरी गाउँपालिकामा जग्गाको नाप जाँच गर्नका लागी दस्तुर निर्धारण गरी कार्यान्वयनम जोड दिइनेछ।

५. न्यायिक समिति मेलमिलाप समितिका लागी आवश्यक पर्ने सामग्री वा उपकरण उपलब्ध गराइनेछ।

६. कानूनी परामर्श दाताको रुपमा कानून ब्यवसायीसंग सम्झौता गरी निश्चित पारिश्रमिक तोकी उपलब्ध गराइनेछ।

७. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

८. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ।

**स्वास्थ्यः**

१. "स्वस्थ्य गाउँबासी, स्वस्थ्य गाउँ" भन्ने नारालाई सफल बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कामलाई निरन्तता दिइनेछ। गाउँपालिका भित्रका सबै ३ वटा वर्थिङ्ग सेन्टर तथा ३ वटा ल्याव सेवा केन्द्रहरु र असुरैना स्वास्थ्य चौकीमा संचलनमा रहेको ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप गुणस्तर सुधार गरी पूर्ण संस्थागत प्रसूती सेवा युक्त गाउँपालिका तथा पोषणमैत्री पालिका घोषणा गर्न आवश्यक कार्यक्रम मार्फत सुरक्षित मातृत्व र स्वस्थ्य नागरिकको हकलाई सुनिश्चितताको दिगोपना कायम गरिनेछ।

२. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र प्रवद्र्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक तथा प्रयोगशाला सेवालाई गुणस्तरीय बनाउन स्वास्थ्य चौकी, स्वास्थ्य सेवा केन्द्र मार्फत रोकथाम, निदान र उपचार सेवालाई सहज र नियमित बनाईनेछ।

३. लक्षित समुह तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता एवं क्षमता विकासका लागि थप प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ। उमेर पुगेका महिला स्वयंसेविकाहरुलाई नेपाल सरकारले प्रदान गर्ने रकममा केही रकम थप गरी संचालन गरिएको "दिर्घकालिन सम्मानजनक विदाई" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. प्रजनन स्वास्थ्य सुरक्षित मातृत्व बाल तथा शिशु स्वास्थ्य सेवाहरुको सवलीकरण कार्यक्रमलाई निरन्तरता गरिनेछ। गाउँ भित्रका उपयुक्त स्थानमा खोपकेन्द्र तथा गाउँघर क्लिनिकहरुको लागी सुविधा सम्पन्न भवन निर्माण गरी आभारभूत स्वास्थ्य सेवालाई सहज र पहुँच बनाई पूर्ण खोपको सुनिश्चिततालाई नियमित गरिनेछ।

५. समुदायमा बढदै गएको नसर्ने रोगहरुलाई न्युनीकरण गर्न नागरिकहरुलाई धुम्रपान, मध्यपान र लागू औषध सेवन र दुर्व्यसनीलाई निरुत्साहित गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

६. भवन नभएको वडा न १ को आधारभुत  स्वास्थ्य सेवा केन्द्रको नवनिर्मित भवनलाई थप व्यवस्थापन गरि आफ्नै भवनमा सेवाको शुभारम्भ गरिनेछ।

७. गर्भवती महिलाले ८ पटक गर्भजांच र स्वास्थ्य संस्थामा मात्र सुत्केरी हुने अनिवार्य गर्न विभिन्न किसिमका आकर्षक तथा प्रोत्साहन युक्त विशेष कार्यक्रमहरु पालिकावाट व्यवस्था गरिनेछ साथै आकस्मिक प्रसुती सेवालाई व्यवस्थित वनाउन वर्थीङ सेन्टरहरुमा थप उपचार आवश्यक परेमा वा प्रेषण गर्नु परेमा गरीव तथा विपन्नको लागि लाग्ने एम्वुलेन्स खर्च व्यहोर्न एम्बुलेन्स सेवा व्यवस्थापन समितिलाई थप जिम्मेवार र सक्रिय बनाइनेछ।

८. बालबालिकाहरुलाई स्वस्थ्य राख्ने अभिप्रायले नियमित खोप सुनिश्चितता र दिगोपनाको लागि खोप विस्तार गर्दै लगिनेछ, बालबालिकाहरुको शारीरिक, मानसिक वृद्धि विकासका लागि नियमित स्वास्थ्य शिविर संचालन गरिनेछ, साथै मातृ मृत्यु हुन नदिनका लागि आकस्मिक कोषको व्यवस्थापन गरिनेछ।

९. घरघरमा स्वास्थ्य सेवा पुर्याउने उद्देश्यले सबै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र विस्तार र व्यवस्थित गर्नका लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको तयारी गरी सबै नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको पहुँच पुर्याउने नीतिलाई अवलम्बन गरिनेछ। प्रत्येक वडामा आवश्यक दक्ष जनशक्ति, औषधी, उपकरण तथा प्रविधि सहितका स्वास्थ्य चौकि स्थापना गरी सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ।

१०. गाउँपालिकाभित्रका सुत्केरी आमाहरुको जीवनरक्षाका लागि पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता गरी घोषणा भएको पूर्ण संस्थागत सुत्केरीको दिगोपना कायम गरिनेछ।

११. ज्येष्ठ नागरिकलाई स्वस्थ्य राख्ने उद्देश्यले ज्येष्ठ नागरिकको घरदैलोमै स्वास्थ्य परीक्षण र उपचारलाई निरन्तरता दिईनेछ।

१२. क्षयरोग, कुष्ठरोग आदि सरुवा रोगको सर्ने माध्यम, नियन्त्रणका उपायहरु तथा उपचार विधिको सम्बन्धमा सचेतनामुलक कार्यक्रम टोलस्तरमै संचालन गरिनेछ।

१३. पोषणमैत्री स्थानीय शासन कार्यक्रम मार्फत ५ बर्ष भित्र गाउँपालिकालाई कुपोषण मुक्त पालिका बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

१४. नेपाल रेडक्रस सोसाइटी संग रक्तसञ्चार सेवालाई सहज तुल्याउन गरिएको सहकार्यलाई निरन्तरता दिइनेछ।

१५. वर्षमा कमसेकम १ पटक संघ, प्रदेश तथा जिल्ला स्वास्थ्य निकायसंग समन्वय गरि स्थायी वन्ध्याकरण शिविर र लामो गर्भान्तर सेवाका अस्थायी परिवार योजना कार्यक्रम संचालन गरिनेछ।

१६. किशोर–किशोरीहरुलाई प्रजनन अधिकार, प्रजनन स्वास्थ्य जस्ता विषयहरुलाई समेटी नेपालको संविधान २०७२ र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ तथा नियमावली, २०७७ ले सुनिश्चित गरेको अधिकारलाई स्थापित गर्न

गैर सरकारी संघसंस्थाको समेतको पारस्परिक साझेदारीमा "किशोर किशोरी शिक्षा" तथा खुशहाल परिवार कार्यक्रमलाई निरन्तरता दिई विशेष समुदायहरुमा थप सुधार गर्न गुणस्तरीय तथा प्रभावकारी र विशेष कार्यक्रमहरु संचालन गरिनेछ।

१७. महामारीको पुर्वतयारी तथा व्यवस्थापनको कार्यलाइ प्रभावकारी वनाउन औषधि तथा स्वास्थ्य सम्वन्धी सामग्रीहरु तयारी हालतमा राखिनेछ।

१८. हरेक गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्ने राष्ट्रिय नीति अनुसार सो को स्थापनाको लागि आवश्यक पहललाई निरन्तरता दिइनेछ।

१९. रेकर्डिङ रिपोर्टिङ कार्यलाइ व्यवस्थित गर्न प्रविधीको प्रयोगमा जोड दिई स्वास्थ्य संस्थालाई प्रविधीमैत्रीका लागी थप जोड दिइनेछ।

२०. दीर्घकालीन किसिमका लाग्ने रोगहरु तथा एच.आई.भि.पिडितहरुलाई सहयोग गर्ने विभिन्न नीति तथा कार्यक्रम अवलम्वन गरिनेछ।

२१. पोषणको अवस्थालाई मध्यनजर गरी विभिन्न लक्षित समुहहरुलाई केन्द्रित गरी पोषण सुधारलाई जोड दिन दैनिक, मासिक तथा चौमासिक कार्यक्रमहरु संचालन गरिने।

२२. स्वास्थ्य बीमा कार्यक्रमलाई दरिलो र विश्वासनीय बनाउन जनचेतनामूलक कार्यक्रमहरु मार्फत यस गाउँपालिका भित्रका लक्षित समुहहरुलाई गाउँपालिकाको आर्थिक सहयोगमा स्वास्थ्य बीमामा आबद्ध गरिने छ।

२३. स्वास्थ्य आमा समुहलाई थप सचेत बनाउने र स्वास्थ्य संस्थाहरुद्धारा प्रदान गरिने सेवा तथा कार्यक्रमहरुको बारेमा प्रष्ट हुने किसिमले विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

२४. स्वास्थ्य संस्था, खोप तथा गाउँघर क्लिनिक र सरसफाई प्रवर्द्धन केन्द्रहरुलाई थप व्यवस्थित र सुविधा सम्पन्न बनाईनेछ।

२५. दिगो विकास लक्ष्य २०३० (SDG) का सूचकहरु समयमा नै हासिल गर्न विभिन्न किसिमका लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

२६. आर्थिक रुपमा अतिविपन्न गाउँपालिकावासी तथा सुत्केरीहरुको स्वास्थ्य जाँच तथा उपचारको लागि निजहरुलाई अस्पताल ल्याउने भनी एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

२७. सीमान्तकृत गरिब तथा पछाडी परेका जनसामुदायहरुलाई निःशुल्क स्वास्थ्य वीमा गरिनेछ।

२८. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र पालिका मातहत स्वास्थ्य कर्मचारीहरुलाई प्रचलित कानून वमोजिम थप सुविधा प्रदान गरि कार्य उत्प्रेरणा अभिवृद्धि गरिनेछ।

**आयुर्वेदः**

१. नागरिक आरोग्य कार्यक्रम गरिनेछ।

२. ज्येष्ठ नागरिकका लागि स्वास्थ्य प्रवार्धन सेवा ज्येष्ठ नागरिकहरुले नियमित रुपमा सेवा पाउनेछन।

३. ओ.पि.डि. संचालनका लागि औषधी खरिद स्थानीय रुपमा देखिने रोगहरुको प्राथमिकता अनुसार निरन्तर व्यवस्था हुने गरी आवश्यक आयुर्वेदिक औषधी निःशुल्क वितरण गरिनेछ।

४. स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धबर्धक जडीबुटी जन्य औषधी वितरण सम्बन्धी कार्यक्रम गरिनेछ।

५. विद्यालय आयुर्वेद तथा योग शिषा कार्यक्रम आयुर्वेद चिकित्क सेवा प्रदान गरिने संस्थाहरुबाट पाइने सेवाहरुबारे आम नागरिकहरुलाई जानकारी गराउने कार्यक्रम गरिनेछ।

**वातावरण, विपद् व्यवस्थापन, खानेपानी, सरसफाई तथा स्वच्छताः**

१. पालिकाको सौन्दर्यता तथा वातावरण संरक्षण गर्ने उद्देश्यले घर सम्पन्न प्रमाणपत्र दिंदा घरधनीले चर्चेको जग्गा भित्र दुई रुख अनिवार्य भएको हुनुपर्ने नीति अबलम्बन गरिनेछ ।

२. छिमेकी पालिकाहरुसँगको समन्वय र सहकार्यमा फोहोरमैला व्यवस्थापन केन्द्रको स्थापना र संचालनको लागि विशेष पहल गरिनेछ।

३. ध्वनि, वायु, जल, तथा माटो प्रदुषण आदिको नियन्त्रण तथा न्युनीकरणको लागि सम्बन्धित निकाय संगको समन्वयमा आवश्यक व्यवस्था मिलाईनेछ ।

४. पालिकाभित्रका सबै सडक नालाको नियमित सरसफाई गर्नुका साथै पालिकालाई सफा राख्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५. वडास्तरीय विपद व्यवस्थापन समितिहरु गठन गरी परिचालन गरिनेछ ।

६. विपद व्यवस्थापनको लागि विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

७. सबै प्रकारका विपद् व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

८. नेपाल रेडक्रस सोसाइटी संगको सहकार्यमा तातो हावाको लहर (लु) प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

९. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ ।

१०. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ ।

११. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

१२. पोखरी संरक्षण, नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।

१३. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

१४. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१५. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ ।

१६. स्थानीय आप्तकालिन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरी विपद सम्बन्धी कार्यहरु व्यवस्थित गरिनेछ

१७. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

१८. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।

१९. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ ।

२०. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति ल्याइनेछ ।

२१. फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइने जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति ल्याइनेछ ।

२२. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

२३. गाउँपालिका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।

२४. दिगो खानेपानी व्यवस्थापनको लागि Over Head ट्याङ्की निर्माण योजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

**भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार)**

१. गाउँपालिकाको दीर्घकालीन सोच अनुसारको लक्ष्य, उद्देश्य, रणनीति र योजना कार्यक्रम सहितको आवधिक योजनासंग मेलखाने गरी योजना तर्जुमा गरिनेछ ।

२. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन प्राथमिकताका साथ गरिनेछ।

३. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिनेछ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

४. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

५. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ ।

७. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ ।

८. गाउँपालिकाभित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ ।

९. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१०. सडक कालोपत्रे गर्दा सडकका प्रारम्भिक संरचनाहरु तयार गरेर मात्र कालोपत्रे गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११. सडक, नाली, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ ।

१२. “एक वडा-एक पार्क” निर्माण नीतिको थालनी गरिनेछ ।

१३. गाउँपालिका परिसर भित्र रहेको पोखरी सुन्दरीकरण को लागि बजेट को व्यवस्था गर्दै निर्माण कार्य अगाडी बढाईनेछ ।

१४. उपभोक्ता समिति मार्फत विकास निर्माण गर्न हरेक वर्ष चैत मसान्त सम्ममा सक्ने लक्ष्य राख्दै पुजीगत खर्च बढाई दिगो विकास तर्फ अग्रसर गरिनेछ ।

१५. नया भवनको नक्सा पास र पुरानो भवनलाई नियमित प्रक्रियामा ल्याई नियममा गरिनेछ ।

१६. पूर्वाधार निर्माण गर्दा ५ लाख भन्दा माथिका सबै प्रकारका योजनाहरुमा गुणस्तर परिक्षण अनिवार्य गरिनेछ ।

१७. गाउँपालिका क्षेत्रका हाल निर्माण भई रहेका मुख्य सडकको स्तरउन्नति गरिनेछ र सडक किनारामा वृक्षारोपण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१८. जीर्ण अवस्थामा रहेको वडा नं. ६ को वडा कार्यालय निर्माण कार्य सुरुवात गरिनेछ ।

१९. अधुरो ३ नं. वडा कार्यालयलाई डि पि आर वमोजिम निर्माण गरी सेवा प्रवाह हुने गरि निर्माण कार्य सम्पन्न गरिनेछ ।

२०. पालिकाभित्रका विपन्न नागरिकका लागि सुरक्षित आवासको सुनिश्चितता गर्न जनता आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२१. गाउँपालिकामा सञ्चालन हुने कार्यक्रमहरु प्रचलित कानून वमोजिमको अनुगमन समितिबाट अनुगमन गरी प्रभावकारी बनाइनेछ । साथै वडास्तरीय अनुगमन समितिको नियमित अनुगमन तथा बैठक बसी वडामा संचालन भएका सम्पूर्ण योजनाको समिक्षा गरिने र संचालित योजनाहरुलाई प्रभावकारी बनाइनेछ ।

**सुशासन सार्वजनिक सेवा तथा क्षमता विकासः**

१. गाउँपालिकाको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, वस्तुनिष्ठ, समावेशी तथा जनसहभागितामूलक बनाईनेछ ।

२. कानुनको शासन, भ्रष्टाचारमुक्त, चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले प्राप्त गर्ने सेवा छिटोछरितो तथा मितव्ययी ढंङ्गबाट पाउने अवस्था सृजना गरिनेछ ।

३. गाउँपालिकाबाट प्रवाह हुने सेवा प्रवाह र विकास निर्माणमा सुशासनको अनुभुतिसहितको नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याइनेछ ।

४. प्रशासन संयन्त्रलाई नागरिकमैत्री संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी सुशासनको प्रत्याभूति दिने सम्बन्धमा आवश्यक कानुन निर्माण गरी लागु गरिनेछ।

५. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गर्ने नीति लिइनेछ ।

६. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य केन्द्रमा हाल मौजुदा सार्वजनिक सेवा वडापत्रलाई थप सेवाग्राहीमैत्री, प्रविधिमैत्री, नतिजामुखी, यथार्थपरक तथा वस्तुनिष्ठ बनाउन Audio सहितको एकिकृत डिजिटल नागरिक बडापत्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।

७. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई अवलम्बन गरिनेछ ।

८. नागरिकबाट सार्वजनिक निकायको मूल्याङ्कन गर्ने औजारहरु सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सेवाग्राही सन्तुष्टि सर्वेक्षणको प्रभावकारी रुपले कार्यान्वयन गरिनेछ ।

९. कार्यालयको काम कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानुन सम्मत सरोकारलाई सम्बोधन गर्न चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रमको व्यवस्था गरिनेछ ।

१०. जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक अध्ययन, अवलोकन तथा तालिमको व्यवस्था गरि सो कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

११. पालिका भित्रको बजार अनुगमन तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको प्रभावकारी कार्यान्वयनका लागि नगर प्रहरी बल ऐन, २०८२ गठन गरी स्वीकृत दरबन्दी भित्र रही दक्ष जनशक्ति नियुक्ती गरी सेवा प्रवाहलाई चुस्त र दुरुस्त पारिनेछ।

१२. कार्यालयको सम्पूर्ण शाखा तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुसंग तथा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसंग समेत सूचकमा आधारित कार्य सम्पादन सम्झौता गरी मासिक बैठक एवं समीक्षा कार्यक्रम गरिनेछ।

१३. कार्यालयको प्रशासनलाई चुस्त, दुरुस्त बनाउन गाउँपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन (O&M) लाई नागरिकलाई सेवा प्रदान गर्न सेवा प्रवाहको चाप सम्बोधन गर्न संगठन तथा व्यवस्थापन अद्यावधिक गराई सभाबाट स्वीकृत गरी नियमानुसार कर्मचारी पदपुर्ति प्रकृया प्रारम्भ गरिनेछ।

१४. कार्यालयमा कार्यरत कर्मचारीको कार्य सम्पादनमा सुधार गरी सेवामा प्रभावकारिता ल्याउन गाउँपालिकामा कार्यरत कर्मचारीलाई कार्यसम्पादन सुचकका आधारमा मूल्याङ्कन गरी विगतका बर्षहरुमा दिईदै आएको प्रोत्साहन भत्ता उपलब्ध गराउनुका साथै उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई गाउँपालिका स्थापना दिवसको अवसर पारेर पुरस्कृत गरिनेछ भने गैर जिम्मेवार तथा गैर उत्तरदायी कर्मचारीलाई दण्ड जरिवानाको व्यवस्था अनिवार्य रुपमा लागु गरिने नीति अबलम्बन गरिनेछ।

१५. पालिकाभित्रका नागरिकलाई सुरक्षाको अनुभूतिका साथ व्यवसायीहरुले ढुक्क भएर व्यापार व्यवसाय गर्न, हिडडुल गर्न तथा नागरिकका हरेक बिषयमा निगरानी बढाउन गाउँपालिका क्षेत्रभित्रका विभिन्न महत्वपूर्ण सार्वजनिक स्थान तथा मुख्य सडक र शाखा सडकमा क्रमिक रुपमा आवश्यकता तथा क्षमताको आधारमा CCTV क्यामेरा तथा ANPR जडान गरिनेछ।

१६. गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, प्राकृतिक, सामाजिक, पुरातात्विक, साँस्कृतिक, आर्थिक पक्षको मौलिकता झल्किने खालको गाउँपालिकाको आफ्नै प्रतिक चिन्ह (लोगो) तथा गान र मायाको चिन्हो तयार गरी लागु गरिनेछ।

१७. गाउँपालिकाद्धारा निर्माण गरिएका कानुन (ऐन, नियम, कार्यबिधि र निर्देशिका) हरु संग्रहका रुपमा प्रकाशन गरिनेछ।

१८. सेवा प्रवाह तथा गाउँपालिकाबाट सम्पादन हुने कार्यहरु र विकास निर्माणका कार्यहरुका सम्बन्धमा नागरिकलाई सुसुचित गराउने सम्बन्धमा सम्मरीमाई गाउँपालिका स्थित सञ्चार माध्यमहरुसंग आवश्यक सहकार्य नीति अबलम्बन गरिनेछ। साथै सञ्चारकर्मीहरुको क्षमता विकास तथा अभिवृद्धिका लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ।

१९. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२०. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछयौट गर्ने कार्य अगाडी बढाईनेछ।

२१. त्रैमासिक रुपमा आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ।

२२. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

२३. गाउँपालिका प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ।

२४. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

२५. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको शुक्ष्म ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

२६. पालिकालाई प्राप्त विपन्न र न्यून आय भएका घर परिवार पहिचान परिचयपत्र वितरण गरी लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

२७. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।

२८. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

२९. आन्तरिक लेखा परिक्षण पद्दतिलाई थप व्यवस्थित बनाई बेरुजु हुन नदिने तथा फर्योटलाई अझैबढी व्यवस्थित गरिनेछ ।

३०. कार्यालयका सवारी साधन र उपकरणको मितव्ययी ढंगबाट परिचालन गरिनेछ।

३१. गाउँपालिकाको समग्र विकास र गतिविधिको बारेमा स्थानीय छापा माध्यम तथा स्थानिय एफ एम हरुबाट जानकारी गाराई पारदर्शिता अभिबृद्धि गरिनेछ।

३२. कर्मचारी र जनप्रतिनिधिले अवलम्बन गर्नु पर्ने आचार संहिता को पूर्ण पालना गरिनेछ।

३३. पत्रकार महासंघसंगको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

३४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

३५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

३६. पालिका वा अन्तर्गत कार्यरत करार, ज्यालादारी कर्मचारीहरुलाई संघ, प्रदेश र स्थानीय कानूनवमोजिम थप सुविधासहित उत्प्रेरित वातावरणको सिर्जना गरी सेवा प्रवाहलाई सेवाग्राहीमैत्री बनाईनेछ।

३७. सार्वजनिक खरिद सम्बन्धी कार्य गर्दा गराउँदा सार्नजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम एकद्वार नीति अवलम्बन गरिनेछ।

**रोजगार तथा लघु उद्यमः**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउन सामुदायिक आयोजनामा गाउँपालिकाको लागत साझेदारीमा जोड दिईनेछ।

२. बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारको विवरण अद्यावधिक र व्यवस्थित गरिनेछ।

३. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई थप प्रभावकारी तरिकाले कार्यान्वन गर्न वडास्तरमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।

४. संघ र प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ। साथै गरिबी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न आवश्यक नीति अवलम्बन गरिनेछ।

५. गाउँपालिकामा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरी श्रममूलक योजना मार्फत समुदायको विकास सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ।

६. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापन थप प्रभावकारी बनाइनेछ। गाउँपालिकास्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिनेछ।

**७.** कुनै पनि काम ठूलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जीवनशैली अपनाउने नीति लिईनेछ।

**८.** श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सबै वडाहरुमा सञ्चालन गरिनेछ ।

**९.** रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुको प्राविधिक लागत अनुमान र मूल्याङ्कन गर्नको लागि रोजगार सेवा केन्द्रमा आवश्यक प्राविधिक कर्मचारीको व्यवस्थापन गरिनेछ ।

**१०.** रोजगारी सिर्जनामा योगदान दिने साना उद्योगलाई प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

**११.** परम्परागत सीपमा आधारित उद्योगको संरक्षण, प्रवर्द्धन र व्यवसायीकरणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**१२.** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (**मेडपा**) मार्फत श्रम सहकारीको अवधारणा अनुरुप युवाहरुलाई सहकारीमा आवद्ध गराई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

**१३.** उपभोक्ता हित संरक्षणका लागि अन्य निकाय संगको सहकार्यमा बजार अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

**१४.** दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारीको प्रवधान गर्न सिपमुलक तालिम को पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ ।

**१५.** संघ र प्रदेशले ल्याएको रोजगार मूलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

**१६.** आन्तरिक रोजगारी श्रृजना गर्न सरोकारवाला निकाय र निजी सहकारी  तथा गैर सहकारी क्षेत्र संग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

**१७.** युवा तथा शैक्षिक बेरोजगार लाई प्राथमिकतामा राखी स्वरोजगार मूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ ।

**१८.** श्रम सम्बन्धलाई प्राथमिकता दिई सार्वजनिक पुर्वाधार निर्माण तथा मर्मत कृषि व्यवसायिक उद्योग बित्तीय क्षेत्रबाट रोजगारी श्रृजना गरिनेछ ।

**१९.** गाँउपालिका तथा वडागत योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदारी गरी संचालन गरिनेछ ।

**सुरक्षित आप्रवास सामी कार्यक्रम-**

१. वैदशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उत्पादनशिल बनाउन आवश्यक व्यवस्था गरिनेछ ।

२. बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई सीप र क्षमतावृद्धिको तालिम प्रदान गरिनेछ ।

३. पालिकावासीको वित्तीय ज्ञान, सिप अभिवृद्धि गर्न वित्तीय साक्षरता तथा सिप विकास तालिम संचालन गरी आर्थिक समानता एवं सशक्तीकरण गरिनेछ ।

४. पालिकावासीको मानसिक स्वास्थ्यलाई ध्यानमा राखी मनोसामाजिक परामर्श कक्षा सञ्चालन गरिनेछ ।

५. सुरक्षित आप्रवासन सामी कार्यक्रमलाई गाउँपालिकाले आन्तरिकीरण गरी वैदशिक रोजगारीका क्षेत्रमा सूचना तथा न्यायमा पहुँचलाई प्रभाकारीताका साथ संचालन गरिनेछ ।

**राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरणः**

१. सामाजिक सुरक्षा तथा पञ्जिकरणका कार्यहरुलाई एम. आइ. एस. प्रणालीमा अद्यावधिक गरी प्रभावकारी बनाउन आवश्यक समन्वय गरिनेछ।

२. सामाजिक सुरक्षा भत्ता नविकरण, घटना दर्ता सप्ताह कार्यक्रम र अपाङ्गता परिचयपत्र वितरण लगायतका कार्यक्रम प्रभावकारी बनाउन प्रचारप्रसार अभियान सञ्चालन गरिनेछ।

३. व्यक्तिगत घटना दर्ताको महत्त्वबारे विद्यालय स्तरका बालकालिकाहरुलाई सचेतनामुलक कार्यक्रम सञ्चालन गरी समयमै घटना दर्ता गर्ने गराउन प्रोत्साहित गरिने छ।

४. सम्पुर्ण जनप्रतिनिधी र कर्मचारीहरुलाई व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको सम्बन्धमा भएका नीतिगत र कानुनी व्यावस्थाको बारेमा राष्ट्रिय परिचय पत्र तथा पंजिकरण विभाग र जिल्ला प्रशासन कार्यालयको समन्वयमा क्षमता विकास सम्बन्धि तालिम संचालन गरिने छ।

५. Biometric Verification का माध्यमबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको पहिचान गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित बनाइने छ।

**गाउँसभा सदस्य ज्यूहरु,**

प्रस्तावित नीति तथा कार्यक्रमले सम्मरीमाई गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक लगायत समग्र पक्षमा महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास लिएको छु। प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण तथा प्रभावकारी कार्यान्वयनमा सम्पुर्ण जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, गाउँपालिकामा क्रियाशिल सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजिवी, विकास साझेदार संघ संस्था, सञ्चार क्षेत्र तथा समस्त गाउँपालिका बासी दाजुभाई तथा दिदी बहिनीहरुको उल्लेखनीय सहयोग रहनेछ भन्ने विश्वासका साथै हार्दिक अनुरोध गर्दछु।

अन्त्यमा,

नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सहयोग गर्नुहुने गाउँपालिका उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यू, सभाका सदस्य ज्यूहरु, विभिन्न समितिका संयोजकज्यूहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। पूर्व बजेट छलफल कार्यक्रम तथा विभिन्न माध्यमबाट राय सुझाव दिनु हुने महानुभाव प्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यसै गरी नीति तथा कार्यक्रम तर्जुमाको समयमा महत्वपुर्ण सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत शाखा प्रमुख लगायत व्यवस्थापकीय सहयोग पुर्याउनु हुने सम्पूर्ण कर्मचारी तथा समस्त गाउँपालिका परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु।

**धन्यवाद, जय सम्मरीमाई**

**मितिः२०८२/०३/१०**

**अध्यक्ष**
**विनोद कुमार श्रीवास्तव**